# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## 'क्रिसमस डे २०७९' को शुभकामना सन्देश

संवैधानिक व्यवस्था अनुसार नेपाल धर्म निरपेक्ष राज्य हो । सनातनदेखि चलिआएको धर्म, संस्कृतिको संरक्षण, धार्मिक सांस्कृतिक स्वतन्त्रताको अनुसरण-उपयोग हाम्रो मौलिक अधिकार हो । यस सन्दर्भमा डिसेम्बर २५ लाई इसाई धर्मावलम्बीहरुले मनाउने क्रिसमस पर्व एउटा महत्वपूर्ण दिवस हो । यो पर्वको अवसरमा इसाई मतावलम्बीहरुका साथै बागमती प्रदेशबासी एवं स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण दाजुभाई-दिदिबहिनीहरुमा सुख, शान्ति र प्रगतिको कामना गर्दछु ।

यस पर्वले हामीबीचको एकता सुदृढ गर्न, सामाजिक सद्भाव अभिवृद्धि गर्न र धार्मिक सहिष्णुता कायम राख्न हामी सबैलाई प्रेरणा मिलोस् भन्ने कामनासहित पुन : एक पटक क्रिसमस पर्वको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

**२०७९ पौष १० गते, आइतबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**